# उपप्रमुख श्री सुशीला पाखीनज्यू, बाट नगरसभा पेश भएको
# आर्थिक वर्ष २०७८।०७९ को
# बजेट बक्तव्य

बाह्रविसे नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक ।
२०७८।०३।०७

**बाह्रविसे नगरपालिकाको**
**नवौं (९ औं) नगरसभा**
**२०७८।०३।०७ गते**
**उपप्रमुख श्री सुशीला पाखीनद्धारा प्रस्तुत एवं सभावाट पारित आ.व.०७८।०७९ को बार्षिक बजेट तथा कार्यक्रम**

बाह्रविसे नगरपालिकाको नवौं (९ औं) गरिमामय नगरसभाका अध्यक्षता ग्रहण गरिरहनु भएका नगर प्रमुख श्री निमफुन्जो शेर्पाज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, सम्पूर्ण नगरवासी आमा वुवा दाजुभाई तथा दिदि वहिनीहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र शासन प्रणाली, नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरे वमोजिम बाह्रविसे नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उभिएको छु । मौषम जन्य प्राकृतिक विपद सँगै दोस्रो लहरको कोभिड-१९ को महामारीको विषम परिस्थितिका विच नेपाल सरकारको कार्य नीतिलाई निरन्तरता दिदै कार्यक्रमहरु वनाई कार्यान्वयनमा ल्याएका छौं । लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका अन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

मौसम जन्य प्राकृतिक विपद तथा दोस्रो लहरको कोभिड-१९ बाट ज्यान गुमाउनु भएका मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्ति गर्दै शोकाकूल परिवारजनमा गहिरो समवेदान व्यक्त गर्दछु । कोभिड-१९ सक्रमण भै उपचारत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

सभाध्यक्षज्य,

**चालु आ व को समीक्षा**

चालु आव ०७७।०७८ सम्मका बजेट तथा कार्यक्रमवाट प्राप्त मूख्य उपलब्धीहरु देहाय बमोजिम रहेका छन् ।

- शिक्षा क्षेत्रमा प्रारम्भिक शिक्षा नै गुणस्तरीय शिक्षाको मेरुदण्ड भएको हुँदा बालावालिकालाई सामुदायिक विद्यालय प्रति आकर्षित गर्न मन्टेश्वरी पद्धतिबाट शुरु गरेको प्रारम्भिक शिक्षालाई निरन्तरता दिइएको छ । विद्यालयहरुमा विद्यालयको माग वमोजिम इन्टरनेट जडान कार्यको थालनी गरिसकेका छौं ।

- स्वास्थ्य तर्फ संघ, प्रदेश र नगरपालिकाको समन्वयमा सवै वडाहरुमा स्वास्थ्य चौकी भवन पूर्वाधार निर्माण र कर्मचारीको व्यवस्थापन गरि सकेका छौं ।
- सार्वजनिक सेवा तथा सुशासन तर्फ बाह्रविसे बजार क्षेत्र र विद्यालयहरुमा सिसिटिभीको व्यवस्था, सडक सौर्य वक्ति जडान कार्य गरिरहेको छ ।
- संघ,प्रदेश र स्थानीय तहको समन्वयमा लोपन्मुख चौरी संरक्षण कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाईएको छ ।
- प्रदेश र नगरपालिकाको समन्वयमा पर्यटन पूर्वाधार निर्माणका कार्यहरु गरिएका छौं जस्तै घुँडेमा पार्क निर्माण, भयौलीकुण्ड पूर्वाधार व्यवस्थापन, अरनिको मिनिपार्क निर्माण, ईको मेडिटेशन पार्क तथा सुनकोशी सामुदायिक वनलाई ईको पार्क निर्माण कार्य
- नगरपालिका भित्रका चालु आ.व.०७७।०७८मा २ वटा वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिकाबाट घुम्ती सेवा मार्फत स्थानीय स्तरमा स्थानीय सरकारको उपस्थित जनाउने कार्य भएको छ ।
- वन्दावन्दीको समयमा स्थानीय स्तरमा नै सहुलियत दरमा कृषि रसायनिक मल उपलव्ध गराउने कार्य भएको छ ।
- साँस्कृकित सम्पदाको संरक्षण तर्फ वस्ती स्तरको माग वमोजिम विभिन्न स्थानहरुमा मठमन्दिर निर्माण,गुम्वा तथा चैत्य निर्माण, चर्च भवन निर्माण जस्ता कार्यहरुलाई प्रोत्साहन गरिएको छ ।
- स्रोत र साधनले भ्याए सम्म वस्ती स्तरमा खानेपानीको उपलव्धता गराउने प्रयास गरिएको छ ।
- कोभिड-१९ महामारीको अवस्थामा विकट वस्तीहरुमा स्वास्थ्य कर्मीसहितको टोलिबाट औषधि वितरण तथा जनचेतना फैलाउने कार्य गरिएको छ । कोभिड-१९ संक्रमण जोखिमको अवस्थामा क्वारेन्टाइन र आईसोलेसनको व्यवस्था गरिएको थियो भने दोस्रो लहरको कोभिड-१९ नियन्त्रणको लागि २५ वेडको आईसोलेसन कक्ष निर्माण गरि सञ्चालनमा ल्याई सकेका छौं ।
- स्थानीयको माग र आवश्यकताको आधारमा स्रोतले भ्याए सम्म सामुदायिक भवन निर्माण, खेल मैदान निर्माण कार्यहरु गरीरहेका छौं ।
- संघिय सरकार, प्रदेशस सरकार र स्थानीय तहको समन्वयमा वस्ती स्तरमा सडक पुऱ्याउने कार्य गरिरहेका छौं ।
- स्थानीय स्तरमा सिप विकास तालिम सञ्चालन गरि लघु घरेलु उद्योगलाई प्रोत्साहन गरिएको छ ।
- मौषमजन्य प्राकृतिक विपदमा परेकाहरुको तत्काल खोज तथा उद्धार र राहतका कार्यहरु तिव्र रुपमा पीडितहरुलाई प्रत्यक्ष राहत महशुस हुने गरी कार्य अगाडी वढाएका छौं ।

उल्लिखित उपलब्धीहरु हासिल गर्नको लागि नगरपालिकामा संघ, प्रदेशबाट प्राप्त कार्यक्रम र नगरपालिकाको कार्यक्रमबाट २०७८ जेष्ठ मशान्त सम्म भएको वित्तिय व्यय देहाय बमोजिम रहेको छ ।

- **आर्थिक विकास तर्फ** रु.४४७४५०५।- (चौवालीस लाख चौहत्तर हजरा पाँच सय पाँच रुपैयाँ मात्र)
- **कार्यालय सञ्चालन तथा प्रशासनिक** तर्फ रु.४४१३००।- (चार लाख एकचालीस हजार तीनसय रुपैयाँ मात्र )
- **पूर्वाधार विकास तर्फ** रु. ११३१५७५३१।८२ (एघार करोड एकत्तीस लाख सन्ताउन्न हजार पाँच सय एकत्तीस रुपैया वयासी पैसा मात्र)
- **सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तर्फ** रु.१३७८३५२७।- ( एक करोड सैंत्तीस लाख त्रियासी हजार पाँच सय सत्ताईस रुपैयाँ मात्र)
- **सामाजिक विकास तर्फ** रु.६९३९५४२३।२४ ( छकरोड उनान्चालीस लाख पन्चानव्वे हजार चार सय त्तेइस रुपैयाँ चौवीस पैसा मात्र)

समग्रमा

**पूँजिगत तर्फको बजेट** रु.२४०४०७०००।- प्रस्तावित रहेकोमा जेष्ठ मशान्त सम्मको बास्ताविक आय /निकासा रकम १९३३३८०००।- बाट रु.१७३२३७०००।- खर्च भइ मौज्दात रु २०१०१०००।- रहेको

**चालू तर्फ कुल बजेट** रु.३६८४७६०००।- प्रस्तावित रहेकोमा जेष्ठ मशान्त सम्म बास्ताविक आय वा निकासा ३०९८०८०००।- भएकोमा खर्च रु.२९३३२८०००।- भइ मौज्दात रु.१६४८००००।-

चालु वर्षको अन्त्य सम्ममा करिव ९७ प्रतिशत वित्तिय प्रगति हुने अनुमान गरेको छु । यसवाट बचत हुन जाने रकम आगामी आर्थिक वर्षको वजेटमा समावेश गरेको छु ।

**सभा अध्यक्ष महोदय**

हाम्रो नगरपालिका मौषमजन्य प्राकृतिक विपदबाट विगत वर्षहरुमा झैं चालु वर्षमा पनि अति मारमा पर्यो । यसका साथै दोस्रो लहरको कोभिड-१९ संक्रमण नियन्त्रण तर्फ पनि ध्यान केन्द्रित गर्नु पर्ने अवस्था छ । आगामी वर्षमा यस्तै विषम परिस्थितिले गर्दा सिर्जना हुन सक्ने चुनौतिलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित गरी आ.व.०७८।०७९ को बजेटमा विशेषतः मौषम जन्य प्राकृतिक विपद व्यवस्थापन र कोभिड-१९ नियन्त्रणको लागि केन्द्रित रहेको छ । शैक्षिक विकासका दृश्टीले अझै पनि हाम्रो नगरपालिका पछाडि रहेकोले शैक्षिक कृयाकलापलाई उच्च प्राथमिकतामा राखेर नगर भित्र औद्योगिक एवं कृषिमा अनुदान तथा दक्षता अभिवृद्धि तथा पशुपन्छी पालन सीपको प्रवर्द्धन तथा विकास गरेर रोजगारी सिर्जना गर्ने तर्फ लक्षित गरि बजेट तर्जुमा गरेको छु ।

नगर प्रमुख ज्यू वाट पेश भई यस सम्मानित नगरसभावाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस वर्ष उपलब्ध अनुमानित स्रोत र साधनको अधिनमा रही यस वर्षको बजेट पेश गरेको छु ।

स्वीकृत नीति तथा कार्यक्रममा समावेश भएका कतिपय अत्यन्त राम्रा विषयहरु सीमित स्रोत साधनका कारणले यस वर्षको वजेटमा समावेश गर्न सम्भव भएन । त्यस्ता कार्यक्रमहरु आगामी वर्षहरुमा समेटिने छ । बजेट तयार गर्दा राजस्व परामर्श समितिले दिएको सुझाव, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको बजेटको सीमा अनुसार नगरका विभिन्न समिति तथा शाखाहरुमा छलफल गरी उनिहरुबाट प्राप्त सुझाव समेतलाई मध्येनजर गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिवाट बजेट तयार गरी कार्यपालिका वैठकबाट अनुमोदन गराई यस सभामा पेश गरेको छु ।

बजेट तर्जुमा गर्दा विगतका आर्थिक वर्षहरुमा गरिएका घोषणाहरु र संघीय तथा प्रदेश सरकारबाट प्राप्त योजना तथा नीतिलाई आधार मानिएको छ । यो बजेटको कार्यान्वयन पश्चात् चालु आ.व.०७७।०७८ का केहि अधुरा योजनाहरु पुरा हुनेछन् भने केहि नयाँ योजनाहरु थपिनेछन् र केहिले निरन्तरता पाउने छन् ।

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आ.व.०७८।०७९ बजेटका प्राथामिकता देहाय बमोजिम रहेका छन् ।

**१.आ.व.०७८।०७९ को बजेटका प्राथामिकताका क्षेत्रहरु**

- मौषमजन्य विपद व्यवस्थापनका लागि पूर्व तयारी र कोभिड-१९ रोकथाम नियन्त्रण
- शैक्षिक सुधार तथा सामाजिक विकास
- कृषि ,पशु, पर्यटन, लघु, घरेलु उद्योग प्रवर्द्धन
- चालु आ.व.०७७।०७८ मा सञ्चालित अधुरा योजनाहरु सम्पन्न गर्ने
- सार्वजनिक सेवा तथा क्षमता विकास
- यूवा तथा खेलकुद
- लक्षित वर्ग उत्थान

**२.बजेटका उद्देष्यहरु यस प्रकार रहेका छन्**

- कोरोना भाइर संक्रामण लगायत सवै प्रकारका रोग र मौषम जन्य प्रकृतिक विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाई स्थानीय स्तरमा रोजगार सिर्जना गर्ने ।
- स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग र बजारीकरण गर्ने ।
- कृषि र पशु पन्छि विकास एवं कृषिमा आधुनिक प्रविधिको शुरुवात गराई कृषि र पशुपन्छि विकास गरिने,नगरको पर्यटकिय क्षेत्रको पहिचान तथा प्रवर्द्धनत्मक कार्यक्रमहरु सञ्चालन गरिने,घरेलु तथा साना उद्योग वृद्धि विकासका कार्यहरु गरिने, स्थानीय स्तरमा नै हुने सिप लाई उच्च प्राथामिकता साथ लागु गरिने
- उत्पादनशी क्षेत्रको उच्चतम परिचालन गरि गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै समता मुलक आर्थिक विकासको आधार तयार गर्नु ।

- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको सम्मुन्नत समाज निर्माण गर्नु
- गुणस्तरीय पूर्वाधारको विकास गरी समृद्धको आधार तयार गर्नु ।
- नगरपालिकाबाट प्रवाह हुने सेवा तथा सुशासन जनताहरुमा प्रत्यक्ष लाभ हुने तथा अपनत्व हुने गरि कार्यक्रमहरु सञ्चालन गर्नु ।
- युवाहरुलाई स्वास्थ्य तथा सामाजिक उत्तरदायि वनाउनको लागि खेलकुद वृद्धि विकास गर्नु ।
- नगरपालिका भित्रका लक्षित समुदायहरुको लागि विषेश कार्यक्रम मार्फत उनीहरुको दैनिक जीवनमा सहयोग पुऱ्याउनु ।

**बजेटका उद्देष्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथामिकता निर्धारण गरेको छु ।**

- सवै प्रकारका स्वास्थ्य जोखिम तथा विपदबाट नगरवासी नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा स्थानीय स्तरसम्म पुऱ्याई जनतालाई प्रत्यक्ष सेवा प्राप्त गरेको महशुस हुने गरि स्वास्थ्यको दायरालाई विस्तार तथा सवै वडाका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य कर्मी तथा औषधीहरुको पऱ्याप्त मात्रमा उलव्ध गराउने ।
- कृषि,पशु लगायतका क्षेत्रमा प्रोत्साहनको व्यवस्था मिलाउने ।
- शैक्षिक गुणस्तर सुधार र विकासका लागि स्रोतको सिमा भित्र रही यथोचित बजेटको व्यवस्था मिलाएको छु ।
- संघिय सरकार र प्रदेश सरकार सँग मौज्दा कोषहरुको रकमलाई नगरपालिका सँगको साझेदारीमा कार्यान्वयन गर्न समपुरक कोषमा बजेट विनियोजन गरेको छु ।
- नीति तथा कार्यक्रमले उच्च महत्व दिएका विषयहरुलाई आर्थिक, सामाजिक, पूर्वाधार बातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका क्षेत्रमा स्रोतको सिमा भित्र रही बजेटको व्यवस्था गरेको छु ।

**सभाध्यक्षज्यू,**

**अव म नगरपालिकाको आ व २०७८।७९ को अनुमानित आय पेश गर्दछु ।**

**१.संघीय सशर्तबाट प्राप्त रु.२२११०००००।- (बाइस करोड एघार लाख रुपैयाँ मात्र**
**२.संघीय वित्तिय समानीकरण अनुदान प्राप्त रु.१४६५०००००।-( चौध करोड पैसठी लाख रुपैयाँ मात्र)**
**३.संघीय राजश्व बाँडफाँड बाट प्राप्त रु.७८६०९०००।- (सात करोड छयासी लाख नौहजार मात्र)**
**४.आन्तरिक राजश्व तर्फ रु.१२००००००।- (अक्षरुपी एक करोड वीस लाख रुपैंया मात्र ।**
**५.प्रदेश सरकार समानीकरण अनुदानबाट प्राप्त हुने रकम रु.१२७७४०००।-**

**६.प्रदेश सरकार राजश्व बाँडफाँड प्राप्त रकम रु.४३८०२८००।-**
**७.मध्येभोटेकोशी प्रभावित क्षेत्र विकास अनुदान रकम रु.१०६०००००।-**
**८.सानीमा हाईड्रो पावर क.लि.बाट प्रभावित क्षेत्र विकास अनुदान रु.३०००००।-**
**९.मध्येभोटेकोशी शिक्षक तलब रु.१५०००००।-**
**१०.सेन्चुरी हाइड्रोबाट प्रभावित क्षेत्र विकास अनुदान प्राप्त हुने रकम रु.८०००००।-**
**११.प्रदेश सरकार समपुरक अनुदान रु.३००००००००।-**
**१२.प्रदेश सरकार विशेष अनुदान रु.६००००००।-**
**१३.प्रदेश सरकार सशर्त अनुदान कार्यक्रमबाट प्राप्त रु.२२७७७०००।-**
**१४.चालु आ.व.को बचत अ.ल्या रु.२००००००।-**
**जम्मा आय तर्फ रु.५८८७६२८००।- ( अन्ठाउन्न करोड सत्तासी लाख वैसठी हजार आठ सय रुपैयाँ मात्र)**

यस बजेटमा सामाजिक सुरक्षा भत्ता, प्रदेश सरकारबाट प्राप्त हुने सवै प्रकारका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम समावेश गरिएको छैन । यकिन विवरण प्राप्त भए पछि बजेटको रातो किताबमा समावेश गर्ने ब्यवस्था मिलाएको छु । त्यस्तै नगरपालिकामा कार्यरत विभिन्न संघ संस्थाहरुले संचालन गर्ने कार्यक्रमहरु प्राप्त भए पछि यसै बजेटका अंग हुनेछन् ।

**उल्लिखित अनुमानित आय देहाय बमोजिम खर्च हुने अनुमान गरी स्वीकृतिका लागि यस सभामा पेश गरेको छु :**
**१.वडाहरुको समानुपातिक विकासका लागि रु.६ करोड ३० लाख विनियोजन गरेको छु ।**
**२.समपुरक कोष तर्फ रु. १ करोड १० लाख विनियोजन गरेको छु ।**
**३.मनसुनजन्य प्राकृतिक विपद व्यवस्थापन तथा कोभिड-१९ नियन्त्रण तथा स्वास्थ्य तर्फ रु.२ करोड ५५ लाख विनियोजन गरेको छु ।**
**४.समग्र नगरको आर्थिक विकास तर्फ रु.१ करोड विनियोजन गरेको छु । जसमध्ये निम्न विषयमा देहाय वमोजिम रकम प्रस्ताव गरेको छु ।**
क) कृषि तर्फ रु.२५ लाख
ख) पशुपन्छिी विकास तर्फ रु.२५ लाख
ग) लघु घरेलु तर्फ रु.१० लाख
घ) सहकारी तर्फ रु.५ लाख
ङ) राजश्व/उद्योग वाणिज्य तर्फ रु.५ लाख
च) नगर प्रमुख उद्यमशिलता विकास कार्यक्रम रु.२५ लाख
छ) अन्य तर्फ रु.५ लाख
**५.समग्र नगरको सामाजिक विकास तर्फ रु.३ करोड ५६ लाख ६ हजार मात्र विनियोजन गरेको छु ।**
**६.पूर्वाधार विकास तर्फ रु.१ करोड २५ लाख विनियोजन गरेको छु ।**
**७.सुशासन तथा सार्वजनिक क्षमता विकास तर्फ रु.६० लाख विनियोजन गरेको छु ।**

**८.न्यायिक समिति तर्फ रु.१५ लाख विनियोजन गरेको छु।**
**९.सानिमा हाईड्रो प्रभावित क्षेत्र विकास खर्च तर्फ रु.३ लाख।**
**१०.मध्येभोटेकोशी प्रभावित क्षेत्र विकास शिक्षक तलब रु.१५ लाख।**
**११.सेन्चुरी हाइड्रो पावर प्रभावित क्षेत्र विकास तर्फ रु.८ लाख।**
**१२.प्रदेश सरकार समपुरका कार्यक्रम रु.३ करोड।**
**१३.प्रदेश सरकार विशेष कार्यक्रम रु.६० लाख।**
**१४. प्रदेश सरकार सशर्त अनुदान कार्यक्रम रु.२ करोड २७ लाख ७७ हजार।**
**१५.मध्येभोटेकोशी प्रभावित क्षेत्र विकास कार्यक्रम रु.१ करोड ६ लाख।**
**१६.मध्येभोटेकोशी प्रभावित क्षेत्र विकास कार्यक्रम ऋण फिर्ता रु.३५ लाख।**
**१७.संघीय सरकार सशर्त कार्यक्रम रु.२२ करोड ११ लाख।**
**१८.चालु दायित्व रु.१ करोड ७३ लाख ३४ हजार ८ सय मात्र।**
**१९.चालु खर्च रु.९ करोड ६६ लाख।**

माथि उल्लेखि वित्तिय समानिकरण अनुदान तर्फको रकम विनियाजन हुँदा अपुग रकम रु.१ करोड ४३ लाख ६६ हजार प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदानबाट प्राप्त हुने रकमबाट व्यहोर्ने गरि बजेट विनियोजन गरेको छु।

१०. नगरपालिकाको चालु खर्च तर्फ संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड तर्फको रु.७ करोड ८६ लाख ९ हजार रुपैयाँ मात्र विनियोजन गरेको छु।

११.नगरपालिकाकामा आगामी आ.व.०७८।०७९ मा प्राप्त संघीय शसर्त तर्फ प्राप्त रु २२ करोड ११ लाख विनियोजन गरेको छु।

१२.मध्येभोटेकोशी आयोजनाबाट प्रभावित क्षेत्रलाई उपलब्ध गराउने अनुदान रकम चालु.अ.व.०७७।०७८ मा आगामी आ.व.०७८।०७९ मा प्राप्त हुने अनुदानमा कट्टी हुने गरी विपद व्यवस्थापन कोषमा रु.३५ लाख माग गरेकोमा सो रकम कटाई बाँकी हुने रकम सोहि प्रभावित क्षेत्र विकासमा खर्च गर्ने व्यवस्था मिलाएको छु।

१३.आन्तरिक आय तर्फको रकम चाल खर्चमा समावेश गरि खर्च गर्ने व्यवस्था मिलाएको छु।

१४.नेपाल सरकारले आगामी आ.व.मा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न निजामती, सार्वजनिक संस्थान र प्रतिष्ठानका कर्मचारीहरुलाई १० दिनको पारिश्रमिक वरावरको रकम सहित पर्यटन काज उपलब्ध गराउने व्यवस्था गरे अनुरुप कोभिड-१९ बाट प्रभावित पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न बाह्रविसे नगरपालिका मातहत कार्यरत कर्मचारीहरुलाई पर्यटन गन्तव्यमा भ्रमण जानका लागि १० दिन वरावरको पारिश्रमिक सहित १० दिन पर्यटन काज सुविधा प्रदान गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१५.नेपाल सरकारले व्यवस्था गरे अनुसार बाह्रविसे नगरपालिका मातहत कार्यरत कर्मचारीहरुको मनोवल वढाई सार्वजनिक सेवालई प्रभावकारी वनाउन कर्मचारीहरुलाई रु.१० लाख सम्मको सामुहिक दुर्घटना विमा र रु.१ लाखको स्वास्थ्य विमा प्रिमियम वापतको रकम बाह्रविसे नगरपालिकाले व्यहोर्ने व्यवस्था मिलाएको छु।

१६.राष्ट्र सेवकलाई प्रदान गरिने सेवा सुविधालाई समय सापेक्ष वनाउन नेपाल सरकारले व्यवस्था गरे अनुरुप २०७८ श्रावण १ गते देखि बाह्रविसे नगरपालिका मातहतका सवै राष्ट्र सेवको तलवमानमा मासिक रु.२०००।- वृद्धि गरको छु । साथै हाल प्रदान गरिँदै आएको महंगी भत्तालाई यथावत राखि र स्थानीय प्रोत्साहन भक्तालाई आ.व.०७६।०७७ वमोजिम निरन्तरता दिएको छु ।

१७.हाल विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ कारण सिर्जित विषम परिस्थितबाट हाम्रो बाह्रविसे नगरपालिका समेत प्रभावित रहेको हुँदा यस नगरपालिकामा सञ्चालित उद्योग तथा व्यवसायीहरुलाई राहत तथा पुनरउत्थान गर्न आ.व.०७७।०७८ र ०७८।०७९ मा नविकरण र नयाँ दर्ता हुने उद्योग व्यवसायीलाई ५०% छुट दिने व्यवस्था मिलाएको छु ।

**सभाअध्यक्षज्यू,**

स्थानीय राजश्व परामर्श समितिमा पेश भएको बाह्रविसे नगरपालिकाको आर्थिक विधेयक २०७८
बाह्रविसे नगरपालिकाको विनियोजन विधेयक २०७८ लाई संशोधन सहित पारितको लागि पेश गरेको छु ।

अन्त्यमा,

नगरपालिका भित्र र बाहिर वस्नु हुने सवै नगरवासीहरुलाई कोभिड-१९ जन्य जोखिमबाट सुरक्षित रहँदै स्वास्थ्य सावधानिका उपयाहरु अपनाउनु हुन र मौषमजन्य प्राकृतिक विपदका घटना घट्ने यामको शुरुवात भै सकेको छ, सवै चनाखो र सरक्षित ई वस्नुहुन र एक आपसमा सहयोग सद्भावको भावना लिई कार्य गर्नुहुन अनुरोध गर्दै नगरपालिकाको विकासमा सदैव सहयोग गर्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । बजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू,,वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरु, नगरपालिकाका विभिन्न शाखा सम्वद्ध कर्मचारीहरु,राजनैतिक दलका प्रतिनिधिहरु, सवैमा हार्दिक अभार व्यक्त गर्दै, बजेट तथा कार्यक्रमलाई सघन रुपमा छलफल तथा संशोधन गरि पारित गर्न सम्मानित नगर सभालाई अनुरोध गर्दै बजेटको सफल कार्यान्वयनमा सवैको सहयोगको अपेक्षा गरिएको छु ।

धन्यवाद !

सुशीला पाखीन
उपप्रमुख